# काठमाडौं महानगरपालिका

यें महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कमलादी, काठमाडौँ


## टिकट बुकिंग कार्यालय दर्ता गर्ने सम्बन्धमा सूचना !!

काठमाडौँ महानगरपालिका क्षेत्रभित्र जथाभाबी खुलेको टिकट बुकिंग काउन्टरहरुलाई व्यवस्थित गरि ट्राफिक व्यवस्थापनलाई चुस्त, दुरुस्त र यात्रीमैत्री बनाउनका निम्ति काठमाडौँ उपत्यका बाहिर चल्ने यात्रुवाहक सार्वजनिक सवारी साधनको लागि तोकिएको मापदण्ड अनुरुपको टिकट बुकिंग कार्यालय व्यवासायिक ठेगाना रहेको सम्बन्धित वडा कार्यालयमा अनिवार्य रुपमा दर्ता गर्नु/गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ । यदि कोहिकसैले यो सूचनाको बेवास्ता गरि आफूखुसी काठमाडौँ महानगरपालिका भित्र टिकट बुकिंग कार्यालय तथा काउन्टर खोलेको वा संचालन गरेको पाइएमा संबत २०८० भाद्र १ गतेदेखि महानगरपालिकाबाट हटाइने व्यहोरा समेत सम्बन्धित सवैका जानकारीको लागि अनुरोध गरिन्छ । यस सम्बन्धमा थप जानकारी लिन चाहने महानुभावहरुले निम्न सम्पर्क नम्बर वा काठमाडौँ महानगरपालिकाको वेवसाइट www.kathmandu.gov.np मा सम्पर्क गर्न सूचित गरिन्छ ।

सम्पर्क नम्बर:

९८५११५४४९३

# काठमाडौं महानगरपालिका

## यें महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कमलादी, काठमाडौँ

**<u>टिकट बुकिंग कार्यालय दर्ता गर्ने मापदण्ड र सर्त :</u>**

१. टिकट बुकिंग कार्यालय का.म.पा मा दर्ता हुनुपर्ने ।

२. बुकिंग कार्यालयको मुख्य कार्यालय गंगबु स्थित नयाँ बसपार्कमा अनिवार्य रहनुपर्ने ।

३. बुकिंग कार्यालय सडक चोकको १०० मीटर वरपर खोल्न नपाइने ।

४. नयाँ बसपार्क देखि महाराजगंज र वाफल सम्म कुनै पनि बुकिंग कार्यालय खोल्न नपाइने ।

५. बुकिंग कार्यालयमा अनिवार्य भाडा दर उल्लेख गरिएको बोर्ड राख्नुपर्ने ।

६. बुकिंग कार्यालयमा टिकट काट्न आउने सेवाग्राहीका लागि अनिवार्य आधारभूत आवस्यकता पुरा भएको हुनुपर्ने जस्तै पार्किंग, सौचालय, पनि, बत्ति, बस्ने व्यवस्था आदि ।

७. बुकिंग कार्यालयको कोठा कम्तिमा १५*१० फीटको हुनुपर्ने ।

८. बुकिंग कार्यालमा कार्यरत कर्मचारीको पोशाक र परिचयपत्र अनिवार्य हुनुपर्ने ।

९. कुनैपनि बुकिंग कार्यालयमा बुकिंग हुने सवारी साधनहरु राख्न लैजान नपाउने ।